मिति :- २०८१/११/१३ गते

समय :- विहान ठीक ११:०० बजेदेखि

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ४४ औं बैठक नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |
| २६ | धर्मराज बिष्ट | सूचना प्रविधि अधिकृत | |

## मिति २०८१/११/१३ गतेको नगर कार्यपालिकाको ४४ औं बैठकमा पेस भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव । | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने । | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने । | |
| ३ | संघीय समपूरक अनुदान र विशेष अनुदानका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी प्रस्ताव । | आर्थिक वर्ष २०८२/०८३ मा संघीय समपूरक र विशेष अनुदानका योजना तथा कार्यक्रम **अनुसूची-१** बमोजिम प्रस्ताव पेस गर्ने । | |
| ४ | प्रदेश समपूरक अनुदान र विशेष अनुदानका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी प्रस्ताव । | आर्थिक वर्ष २०८२/०८३ मा कर्णाली प्रदेश समपूरक र विशेष अनुदानका योजना तथा कार्यक्रम **अनुसूची-२** बमोजिम प्रस्ताव पेस गर्ने । | |
| ५ | बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव । | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको ४.१.९.१ बमोजिम अनुसूची ९ को ढाँचामा प्रस्ताव आह्वान गरी बजेट कार्यान्वयन गर्ने । | |
| ६ | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन गर्न स्थान छनोट गर्ने सम्बन्धी प्रस्ताव । | 'गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम' शीर्षकको बजेट **अनुसूची-३** बमोजिमका शीर्षकहरूमा खर्च गर्ने र नयाँ लघु उद्यमी सिर्जनाको बजेट १, २, ३, ४, ५, ६, ७ र ८ नम्बर वडा र प्रविधि हस्तान्तरण सिलाइ मेसिन प्रदान गरी कार्यान्वयन गर्ने । | |
| ७ | अध्ययन बिदा स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव । | चौरजहारी नगरपालिका अन्तर्गत सहिद स्मृति नगर अस्पतालमा कार्यरत सि.अ.न.मी. फञ्जु रोकायको तलबी अध्ययन बिदा स्वीकृत गर्ने । | |
| ८ | नयाँ सहर आयोजनाअन्तर्गतका आयोजना छनोट गरी पठाउने सम्बन्धी प्रस्ताव । | आर्थिक वर्ष २०८२/०८३ मा नयाँ सहर आयोजना कार्यालय चौरजहारी अन्तर्गत कार्यान्वनय हुने आयोजना छनोट गरी **अनुसूची ४** बमोजिम पठाउने । | |
| ९ | कानुन निर्माण मस्यौदा तथा परामर्श सेवा शुल्कसम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको कानुन निर्माण मस्यौदा तथा परामर्श सेवा शुल्कसम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गरी कार्यान्वयन गर्ने । | |
| १० | अस्थायी आवास अनुदान दोस्रो | स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयका | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | किस्ता वापतको रकम निकासा सम्बन्धी प्रस्ताव | आधारमा दोस्रो किस्ता वापतको रकम सम्बन्धित लाभग्राहीको खातामा निकासा दिने । | |
| ११ | विद्यालयमा सभाहल माग गर्ने सम्बन्धी प्रस्ताव | श्री जनज्योति आधारभूत विद्यालय स्याखोलामा सभाहल माग गर्ने । | |
| १२ | अन्तराष्ट्रिय महिला दिवस मनाउने सम्बन्धी प्रस्ताव | सबै वडाहरूमा वडा कार्यालयको समन्वय, सहकार्य र अगुवाइमा विभिन्न सचेतनामुलक कार्यक्रमहरूको आयोजना गरी मनाउने अन्तरराष्ट्रिय महिला दिवस मनाउने । | |
| १३ | खानी सञ्चालनको अनुमतिको लागि सिफारिस सम्बन्धी प्रस्तावमा | खानी सञ्चालनको अनुमति माग गरेबमोजिम सम्बन्धित निकायहरूमा सिफारिस प्रदान गर्ने । | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

**मिति २०८१/११/१३ गतेको ४४ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू**

**निर्णय नं. १ : प्रस्ताव नं. १ 'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो। साथै यस अधिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ **'संघीय समपूरक अनुदान र विशेष अनुदानका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति २०८१/१०/१६ गते प्रकाशित सङ्घीय समपूरक अनुदान र विशेष अनुदान स्थानीय तहबाट आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना र समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ मा भएको व्यवस्थाबमोजिमका सर्तहरू पालना गर्नुका साथै समपूरक अनुदानका लागि गरिएको वर्गीकरणमा यस चौरजहारी नगरपालिका 'ग' वर्गमा परेकोले ४० प्रतिशतले हुन आउने रकम समपूरक गर्ने गरी **अनुसूची-१** बमोजिमका आयोजना वा कार्यक्रम प्राथमिकताका आधारमा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ **'प्रदेश समपूरक अनुदान र विशेष अनुदानका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८१/११/०७ गते प्रकाशित प्रदेश समपूरक र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना र समपूरक र विशेष अनुदान सम्बन्धी कार्यविधिमा व्यवस्था भएबमोजिमका सर्तहरू पालना गर्ने गरी **अनुसूची-२** बमोजिमका आयोजना वा कार्यक्रम प्राथमिकताक्रम निर्धारण गरी पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा यस चौरजहारी नगरपालिकाको स्वीकृत सर्सत बजेट 'आर्थिक वर्ष २०८१/०८२ मा नयाँ बाख्रा पकेट विकास कार्यक्रम' प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको ४.१.९.१ बमोजिम अनुसूची ९ को ढाँचामा प्रस्ताव आह्वान गरी प्राविधिक समितिको मूल्याङ्कनका आधारमा पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम भाग) कर्णाली प्रदेश, नेपाल २०७३

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन गर्ने स्थान छनोट गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा यस चौरजहारी नगरपालिलाई प्राप्त 'गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम' शीर्षकको बजेट **अनुसूची-३** बमोजिमका शीर्षकहरूमा खर्च गर्ने र नयाँ लघु उद्यमी सिर्जना १, २, ३, ४, ५, ६, ७ र ८ नम्बर वडामा बाँसबाट मुढा निर्माण गर्ने तालिम संयुक्त रूपमा सञ्चालन र प्रविधि हस्तारन्तरणतर्फको बजेट तालिम लिएका उद्यमीहरूलाई सिलाइ कटाइ मेसिन प्रदान गरी बजेट कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ **'अध्ययन बिदा स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका अन्तर्गत सहिद स्मृति नगर अस्पतालमा कार्यरत सि.अ.न.मी. फञ्जु रोकाय (कर्मचारी सङ्केत नं. २२२२५५) ले चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2025) BNS/BMS एकीकृत प्रवेश परीक्षामा उत्तीर्ण भइ छात्रवृत्ति कोटामा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल काठमाडौंमा भर्ना भएकोले अध्ययन बिदा स्वीकृतिका लागि निवेदन पेस भएको हुँदा कर्णाली प्रदेश स्थानीय सेवा (गठन र सञ्चालन) ऐन, २०८१ को दफा ८७ (२) र (४) का साथै नियमावलीको नियम ८७ (२) र (४) बमोजिम हुने गरी तलबी अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** : प्रस्ताव नं. ८ **'नयाँ सहर आयोजनाअन्तर्गतका आयोजना छनोट गरी पठाउने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा शहरी विकास तथा भवन निर्माण विभाग नयाँ सहर आयोजना कार्यालय चौरजहारी रुकुम (पश्चिम) को चलानी नं. २१७ मिति २०८१/११/१२ गतेको पत्रानुसार आर्थिक वर्ष २०८२/०८३ मा नयाँ सहर आयोजना कार्यालय चौरजहारी अन्तर्गत कार्यान्विनय हुने आयोजना छनोट गरी पठाइदिन माग भएकोले **अनुसूची-४** बमोजिमका आयोजनाहरू प्राथमिकताक्रम निर्धारण गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. ९** : प्रस्ताव नं. ९ **'कानुन निर्माण मस्यौदा तथा परामर्श सेवा शुल्कसम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा नेपालको संविधान र अन्य क्षेत्रगत कानुनले स्थानीय तहको क्षेत्राधिकारभित्रका कानुन निर्माणको मस्यौदा निर्माणमा खटिने जनशक्ति तथा परामर्श प्रदायकका लागि पारिश्रमिक उपलब्ध गराउन चौरजहारी नगरपालिकाको कानुन निर्माण मस्यौदा तथा परामर्श सेवा शुल्कसम्बन्धी मापदण्ड, २०८१ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. १०** : प्रस्ताव नं. १० **'अस्थायी आवास अनुदान दोस्रो किस्ता वापतको रकम निकासा सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा २०८०/०७/१७ गते जाजरकोट केन्द्रबिन्दु भइ गएको विनासकारी भूकम्पका कारण निजी आवासमा क्षति भएका भूकम्प पीडित परिवारहरूलाई वडा समिति र स्थानीय विपद् व्यस्थापन समितिको निर्णयका आधारमा दोस्रो किस्ता वापतको रकम सम्बन्धित लाभग्राहीको खातामा निकासा दिने निर्णय गरियो।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

**निर्णय नं. ११** : प्रस्ताव नं. ११ **'विद्यालयमा सभाहल माग गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा श्री जनज्योति आधारभूत विद्यालय स्याखोलामा विद्यार्थीहरूलाई सामुहिक प्रशिक्षण, अभिभावक भेला, अतिरिक्त क्रियाकलाप लगायतका कार्यक्रमहरू सञ्चालनका लागि सभाहलको आवश्यकता परेकोले उक्त सभाहल निर्माणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा बजेट मागका लागि लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२** : प्रस्ताव नं. १२ **'अन्तराष्ट्रिय महिला दिवस मनाउने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा ११५ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा सबै महिला तथा बालिकाको लागि : अधिकार, समन्वय र सशक्तिकरण भन्ने नाराका साथ भव्य र उल्लासमय रूपमा सबै वडाहरूमा वडा कार्यालयको समन्वय, सहकार्य र अगुवाइमा विभिन्न सचेतनामुलक कार्यक्रमहरूको आयोजना गरी मनाउने र त्यसका लागि प्रत्येक वडामा विभिन्न दिवशीय कार्यक्रम शीर्षकको बजेटबाट ५ हजारका दरले कार्यक्रम खर्च वापतको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** : प्रस्ताव नं. १३ **'खानी सञ्चालनको अनुमतिको लागि सिफारिस सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका-९ स्थित गडिदेउराली बिसौना सामुदायिक वन क्षेत्रको देउराली खण्डको रातापहर अन्तर्गत पूर्वमा टाकुराडाँडा, पश्चिममा आरने डाँडा, उत्तरमा सल्नेनी डाँली र दक्षिणमा भालुदुला चारकिल्ला क्षेत्रभित्रको लम्बाइ १०१ मिटर र चौडाइ ३१ मिटर रहेको ३१०० वर्गमिटर क्षेत्रफलमा फैलिएको घर छाउने ढुङ्गेखानीमा यस गडिदेउराली बिसौना सामुदायिक वन उपभोक्ता समुहकै उपभोक्ताहरूले परापूर्वकालदेखि नै घर छाउने ढुङ्गाको खानी सञ्चालन गर्दै आएकोले नियमानुसार उक्त ढुङ्गे खानी सञ्चालन गर्न स्थानीय गडिदेउराली सामुदायिक वन उपभोक्ता समूहको निर्णय, ९ नं. वडा कार्यालयको सिफारिस पेस गरी भीमबहादुर चन्दले सिफारिस माग गरेबमोजिम सम्बन्धित निकायहरूमा सिफारिस प्रदान गर्ने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

अनुसूची १

**(निर्णय नं. ३ सँग सम्बन्धित)**

आर्थिक वर्ष २०८२/०८३ को लागि सङ्घ सरकारमा पेस गर्ने समपूरक र विशेष अनुदानतर्फ छनोट गरिएका योजनाहरूको विवरण

**समपूरक अनुदानतर्फ**

| प्राथमिकता क्रम नं. | आयोजनाको विवरण | आयोजा कार्यान्वयन हुने स्थान | लागत अनुमान |
|---|---|---|---|
| १ | नगर कार्यपालिका कार्यालय भवन सुरक्षाका लागि पर्खालसहितका पूर्वाधार निर्माण योजना | चौरजहारी नगरपालिका-२, रुकुम (पश्चिम) | १ करोड ९५ लाख |
| २ | वडा कार्यालय घुघुती नाख्ला सौर्यपोखरी तिमीले सडक ट्र्याक र स्तरोन्ती | चौरजहारी नगरपालिका-१३, रुकुम (पश्चिम) | १ करोड ९६ लाख |
| ३ | टाटा सर्केना जोगीनेटा सडक वडा नं. ११ | चौरजहारी नगरपालिका-११, रुकुम (पश्चिम) | १ करोड ९४ लाख |
| **विशेष अनुदानतर्फ** | | | |
| १ | विद्यालयमा फर्निचर एवम् कक्षाकोठा व्यवस्थापन र सुरक्षित विद्यालय पूर्वाधार निर्माण | चौरजहारी नगरपालिका क्षेत्रभित्रका सबै विद्यालयहरू | १ करोड ९८ लाख ५० लाख |
| २ | सुख्खा क्षेत्रमा मौरीपालन व्यवसाय प्रवर्धन कार्यक्रम | चौरजहारी नगरपालिका वडा नं. ६, ७, ८, ९, ११, १२, १३ र १४ | १ करोड १२ लाख |
| ३ | नगरपालिका क्षेत्रभित्रका सहिदहरूको शालिक निर्माण आयोजना | चौरजहारी नगरपालिका | १ करोड |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

अनुसूची - २

**(निर्णय नं. ४ सँग सम्बन्धित)**

आर्थिक वर्ष २०८२/०८३ को लागि कर्णाली प्रदेश सरकारबाट प्राप्त हुने समपूरक र विशेष अनुदानतर्फ छनोट गरिएका योजनाहरूको विवरण

**समपूरक अनुदानतर्फ**

| प्राथमिकता क्रम नं. | आयोजनाको विवरण | आयोजा कार्यान्वयन हुने स्थान | लागत अनुमान |
|---|---|---|---|
| १ | शान्ति बजार घर्तीकाँडा वडा कार्यालय खागल सडक स्तरोन्नती | चौरजहारी नगरपालिका-६, रुकुम (पश्चिम) | १ करोड ९९ लाख |
| २ | भुकुन्डे टाटा फलाट वडा कार्यालय अमलाटाकुरा ज्यूला सडक स्तरोन्नती | चौरजहारी नगरपालिका-४, रुकुम (पश्चिम) | १ करोड ९६ लाख |
| ३ | रातामाटाडाँडा लहरेसिमल मानाकोट सडक ट्र्याक | चौरजहारी नगरपालिका-५, रुकुम (पश्चिम) | १ करोड ९८ लाख |
| **विशेष अनुदानतर्फ** | | | |
| १ | दलित महिला आयआर्जन कार्यक्रम | चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) | ६० लाख |
| २ | बालमैत्री बालविकास कक्षाकोठा व्यवस्थापन कार्यक्रम | चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) | ६० लाख |
| ३ | लयाँटा गोइरी डोप्के कृषि सडक निर्माण | चौरजहारी नगरपालिका-८, रुकुम (पश्चिम) | ६० लाख |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प बादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची ४

**(निर्णय नं. ८ सँग सम्बन्धित )**

**नयाँ सहर आयोजना कार्यालयमा आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वनयका लागि पठाउने आयोजना / कार्यक्रमहरू**

| क्र.स. | आयोजनाको नाम |
|---|---|
| | **सडकतर्फ** |
| १ | नगरपालिका कार्यालय - खौचने सडक स्तरोन्ती वडा नम्बर २ र ३ |
| २ | **भौतिक पूर्वाधार कार्यक्रम अन्तर्गत रिङरोड निर्माण** |
| | (क) एयरपोर्ट - मनकोट - बेतेनी - खहरे |
| | (ख) रानीवन - लहरेसिमल - मानाकोट - खोलागाउँ |
| | (ग) खोलागाउँ - भुरुङ्खोला - एकौली - चौफा |
| | (घ) चौफा - सर्केना - सानाखोला - खागल - न्याउली बजार - चिप्लेटी |
| ३ | वडा नं. १, २ र ३ को मुख्य सहरी सडकको दायाँबाँया फुटपाथसहितको हरित सडक निर्माण तथा स्तरोन्नती |
| ४ | विजश्वरी - मनकोटडाँडा - अमलाटाकुरा - नेटा सडक स्तरोन्नती |
| ५ | रातामाटाडाँडा - लहरेसिमल टाकुरा - मानाकोट पल्लाज्यूला सडक निर्माण वडा नम्बर ५ र १० |
| ६ | चौरजहारी मुख्य बजार क्षेत्रका भित्री सडक स्तरोन्नती तथा कालोपत्रे योजना वडा १, २ र ३ |
| ७ | स्यालीआला - फूलबारी - विजश्वरी सडक स्तरोन्ती वडा नम्बर २ र ३ |
| ८ | विजयश्वरी जंगले- मेलैनाउली-टाटा- जिब्रेणी- मनकोट टावर सडक वडा नम्बर २ र ४ |
| ९ | लामिछानेगाउँ - टिकाचौर - ज्यूला- अमलाटाकुरा सडक स्तरोन्नती |
| १० | चौरजहारी अस्पताल - एयरपोट - खोलीबजारसम्म कालोपत्रे गर्ने कार्य |
| ११ | कुशुम विष्टआला खड्का टोल सडक निर्माण कार्य वडा नं. २ |
| १२ | झाँक्रीखोला खड्का टोल सडक वडा नं. २ |
| १३ | स्यालखोला अम्बाचौर लामाबगर सडक वडा नं. ३ |
| १४ | घारिपाखा टाटागाउँ मध्यपहाडी सडक वडा नं. ३ |
| १५ | ३ नं. वडा कार्यालय विद्युत पोखरी सडक वडा नं. ३ |
| १६ | बटालाधारा जनज्योति स्यालखोला विद्यालय जोडने सडक वडा नं. ३ |
| १७ | कालापाथर – बसिगाउँ – बडाखोला – चिप्लेटी सडक वडा नम्बर ७ र ८ |
| १८ | नार्जी भूतनाच्नेचौर विउरेनी वडा कार्यालय जोडने सडक वडा नं. ७ |
| | **पर्यटन तर्फ** |
| १ | लामिछानेगाउँ वाटरपार्क निर्माण योजना वडा नं. १ |
| २ | शंखपीपल पार्क तथा मञ्च निर्माण वडा नं. २ |
| ३ | खुला व्यामशाला तथा पार्क निर्माण वडा नं. १ र २ |
| ४ | मुख्य बजारको सौन्दर्यकरण वडा नम्बर १, २ र ३ |
| ५ | रानीवन पार्क निर्माण वडा नम्बर ५ |
| ६ | शंखपीपल मनकोटडाँडा पदमार्ग निर्माण वडा नं. २ र ४ |
| | **खानेपानीतर्फ** |
| १ | स्यानाखोला मल्यासिम लिफ्ट खानेपानी वडा नम्बर ५ |
| २ | कुरल नाखिरा मनकोट बृहत लिफ्ट खानेपानी आयोजना वडा नं. १ र ४ |
| | **भवन निर्माणतर्फ** |
| १ | एकीकृत सेवाकेन्द्र र बहुउद्देश्य सभाहल सुरक्षाका लागि पर्खाल निर्माण योजना वडा नं. २ |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

| क्र.स. | आयोजनाको नाम |
|---|---|
| २ | बहुउद्देश्यीय विश्रामगृह वडा नम्बर २ |
| ३ | आपतकालिन सेवाकेन्द्र सञ्चालन पूर्वाधार निर्माण १, २ र ३ |
| ४ | वडा नं. १, २ र ३ को उपयुक्त स्थानमा सुविधा सम्पन्न बधशाला निर्माण |
| | **जग्गा / वस्ती विकास तथा औद्योगिक क्षेत्र कार्यक्रमतर्फ** |
| १ | टाटागाउँ जग्गा विकास आयोजना पूर्वाधार निर्माण कार्य वडा नं. ३ |
| २ | टीकाचौर जग्गा एकीकृत वस्ती पूर्वाधार निर्माण वडा नं. १ |
| ३ | जुम्लीपोखरी एकीकृत वस्ती पूर्वाधार निर्माण वडा नम्बर १२ |
| ४ | वडा नं. १, २ र ३ को उपयुक्त स्थानमा औद्योगिक क्षेत्र निर्माण |
| | **सम्भाव्यता अध्ययनतर्फ** |
| १ | जुम्लीपोखरी एकीकृत वस्ती पूर्वाधार निर्माण वडा नम्बर १२ |
| २ | रातामाटाडाँडा - लहरेसिमल टाकुरा - मानाकोट पल्लाज्यूला सडक निर्माण वडा नम्बर ५ र १० |
| ३ | स्यानाखोला मल्यासिम लिफ्ट खानेपानी वडा नम्बर ५ |
| ४ | विजयश्वरी जंगले- मेलैनाउली-टाटा- जिव्रेणी- मनकोट टावर सडक वडा नम्बर २ र ४ |
| ५ | मेलैनाउली - मनकोट विद्यालय - मनकोट डाँडा - हातेडाँडा - सल्यान सडक |
| ६ | घारिगाउँ - रुकुमेगाउँ - लापुलेगाउँ - खौचने फुट ट्रयाक / साइकल ल्यान |
| ७ | सेतीगार - मनकोटटाटा - चौरजहारी खानेपानी शुद्धिकरण योजना |
| ८ | बेतेनी - किमिलकाँडा - अमलाटाकुरा सडक वडा नम्बर ५ र ४ |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची-३

(निर्णय नं. ६ सँग सम्बन्धित)

**लघु उद्यम विकास कार्यक्रमको बजेट बाँडफाँड**

**आर्थिक वर्ष २०८१/०८२**

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम भाग) कर्णाली प्रदेश, नेपाल २०७३

| क्र.सं. | क्रियाकलाप | इकाइ | लक्ष्य | बजेट रकम रू | कैफियत |
|---|---|---|---|---|---|
| क | **नयाँ उद्यमी सिर्जना** | | २३ | ९२०,०००/- | |
| १ | उद्यम विकास सहजकर्ता तलब भत्ता तथा पोशाक भत्ता | जवान | २ | ४४९,०००/- | |
| २ | उद्यम विकासका लागि सामाजिक परिचालन | पटक | | १६,०००/- | |
| २ | पिआर ए | | | | |
| २.२ | घरधुरी सर्वेक्षण (फारम ए र वि) | | | | |
| २.३ | सम्भाव्य लघु उद्यमिका रुपमा सहभागि छनौट | | | | |
| २.४ | भैरहेका उद्यमिहरु सम्भाव्य उद्यमीका रुपमा पहिचान भएमा( फारम सि) | | | | |
| २.५ | लघु उद्यमीहरुको समुह गठन तथा परिचालन | | | | |
| २.६ | उद्यम विकास समितिको वैठक तथा कार्यक्रम अनुगमन | | | | |
| ३ | उद्यमशिलता विकास तालिम | पटक | २३ | ७०,०००/- | |
| ३.१ | उद्यमशिलता विकास तालिम सन्चालन (टोपे,टोसे,लैङ्गिक सचेतना) | जवान | २३ | | |
| ३.२ | व्यवसायीक योजना तयार गरिने संख्या | | | | |
| ३.३ | उद्यम व्यवसायको छनौट | | | | |
| ४ | प्राविधिक सिप विकास तालिम | पटक | २३ | ३,४००००/- | |
| ४.१ | व्यवसायीक योजनाका आधारमा छनौट भएका उद्यमको आधारमा सीप विकास तालिम | | | | |
| ४.२ | मुढा बनाउने तालिम | | २३ | | |
| ५ | लघुवित्तमा पहुँच | पटक | २३ | १५,०००/- | |
| ५ | लघु उद्यमी र वित्तिय वा प्रदायकसँग अन्तरक्रिया | | | | |
| ५.३ | लघु कर्जा प्राप्त गर्ने लघु उद्यमीहरुको संख्या | | | | |
| ५.३ | लघु उद्यमको विमाको लागि सहजिकरण | | | | |
| ६ | उपयुक्त प्रविधिमा पहुँच तथा हस्तान्तरण | | | १५,०००/- | |
| ६.१ | उपयुक्त प्रविधि आपुर्ति गर्ने संस्थाहरुको रोस्टरमा तयार | | | | |
| ६.२ | प्रविधि आपुर्तिकर्तासँग सम्वन्ध विकास | | | | |
| ६.३ | उपयुक्त प्रविधि हस्तान्तरण | | | | |
| ७ | बजार सम्बन्ध विकास | | | १५,०००/- | |
| ७.१ | उद्यमी र क्रेताविच अन्तरक्रिया | | | | |
| ७.२ | बजार प्रबद्धनात्मक क्रियाकलाप | | | | |
| ७.३ | लयाँ लघु उद्यमी सिर्जना संख्या | | | | |
| **(ख)** | **भइरहेको उद्यमिको स्तरोन्नति** | **जवान** | **१५** | **२४०,०००/-** | |
| १ | स्तरोन्नतीको लागि आवश्यकता पहिचान गर्ने | | | | |

**शेरप्रसाद ढकाल**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

**पुष्प वादी**
**नगर प्रमुख**

| क्र.सं. | क्रियाकलाप | इकाइ | लक्ष्य | बजेट रकम रू | कैफियत |
|---|---|---|---|---|---|
| १.२ | आवश्यकता पहिचानको आधारमा पुनर्ताजगी तथा स्तरोन्नती तालिम | | | | |
| १.३ | ब्युटिपार्लर तालिम (३०दिने १५ जना) | | | | |
| २ | **सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्प्रधा बृद्धि गर्नाका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण** | | | **१४०,०००/-** | |
| **जम्मा** | | | | **१३,००,०००/-** | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख